**निर्णय नं. १ :**

यस नगरपालिकाको शान्ति बजार, सुर्तनी, पुरानो पर्सा बजार, जब्कौली हुदै बुढी राप्ती पुल र हाजीपुर जाने सडक जुन पुरानो राजमार्गका नामले स्थानीय स्तरमा परिचित छ, उक्त सडक क्षेत्राधिकारका सम्बन्धमा स्पष्ट नहुँदा लामो समय सम्म त्यस सडक आसपासका व्याक्तिहरुको घर तथा भौतीक संरचना निर्माणको लागि नक्सापास हुन सकेको छैन । सो सडकको क्षेत्राधिकार तथा सडक राष्ट्रिय राजमार्गमा पर्छ पर्दैन भन्ने सम्बन्धमा डिभिजन सडक कार्यालय भरतपुरलाई सोधनी भएको र सो सम्बन्धमा डिभिजनल सडक कार्यालयले राष्ट्रिय राजमार्गमा पर्ने सडकहरुको नामावली उपलब्ध गराएकोमा उक्त नामावलीमा यस नगरपालिका अन्तरगतको पुरानो राजमार्गको नाम उल्लेख भएको देखिदैन । यसै सिलसिलामा नापी कार्यालय खैरहनीलाई पनि सो सडकको नापीनक्सा हुँदाको समयमा सडक क्षेत्राधिकार के कती राखिएको थियो र हाल कित्ताकाट भएन भएको सम्बन्धमा सोधनी हुदा नापी कार्यालयले सो सडकको चौडाई नापी नक्सामा समान नभई कंही २२ मिटर र कंही ३५ सम्म भएको, साविक नक्सा बमोजिम कित्ताकाट भईरहेको भन्ने व्यहोराको जानकारी दिएको देखियो । हालपूर्व पश्चिम राजमार्ग बैरहनी, सिमलटाडी, पर्सा बजार, ज्यामिरे हुँदै गएको र त्यसैको ४०० मिटर देखी ४५० मिटरको दुरीमा करीब ८ किमि लम्बाई रहेको यती छोटो अर्को समानान्तर राजमार्ग हुन पनि सक्दैन । सो सडक राप्ती नगरपालिकाको हर्दि देखि पूर्व पश्चिम राजमार्गबाट छुट्टीएर अन्त्यमा रत्ननगर नगरपालिकाको वेल्सीमा गएर सोही राजमार्गमा मिसिने भएकोले त्यसको अन्यत्र निकास पनि छैन । यसै नगरपालिकाको अर्को स्थानहुन्दै राष्ट्रिय राजमार्ग गएको, नापीनक्सामा पुरानो राजमार्गको चौडाई २२ मीटर देखी ३५ मीटर सम्म रहेको, सोही आधारमा हालसम्म कित्ताकाट भई रहेको, सरकारले राष्ट्रिय राजमार्ग भनेर सोही आधारमा सिमाङ्कन तथा कित्ताकाट नगरेको, कुनै किसिमको मुआब्जा वितरण पनि नगरेको तथा राष्ट्रिय राजमार्गको सूचीमा समेत यो सडक समावेश नभएकोले यो सडकको क्षेत्राधिकार न्यूनतम २५ मिटर (नापीनक्सामा २५ मिटर भन्दा कम भएतापनि २५ मिटर कायम गर्ने) र नापीनक्सामा सो भन्दा बढी भएमा नापीनक्सामा भएजति नै क्षेत्राधिकार रहने गरी घर तथा भौतीक संरचना निर्माण गर्न नक्सापासको व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस नगरपालिकाको तेस्रो र चौथो नगरसभाबाट नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्न शिक्षा विकास कार्यक्रमको लागि विनियोजित बजेट मध्ये निम्नानुसारका विद्यालय/कलेजहरुलाई निम्नानुसारको रकम उपलब्ध गराउने र उक्त रकम विद्यालय/कलेज व्यवस्थापन समितिको निर्णय अनुसार आवश्यकताका आधारमा वडा कार्यालयको सिफारिश बमोजिम खर्च गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं | विद्यालय/कलेजको नाम | वडा नं. | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | श्री भुवानीशंकर बहुमुखीक्याम्पस | ६ | ५,००,०००।- | |
| २ | श्री जनजीवनमा.वि.कोचौर स्तरोन्नती | २ | १,५०,०००।- | |
| ३ | श्री आधारभूत विद्यालय, गोठश्वर | ३ | १,५०,०००।- | |
| ४ | श्री आधारभूत विद्यालय, टुङ्गारा | ३ | २,००,०००।- | |
| ५ | श्री चण्डी आधारभूत विद्यालय, सिद्धिपुर | ३ | २,५०,०००।- | |
| ६ | श्री जनएकताआधारभूत विद्यालय | ४ | २,५०,०००।- | |
| ७ | श्री आधारभूत विद्यालय, कुनाघारी | ४ | २,५०,०००।- | |
| ८ | श्री आधारभूत विद्यालय, सलौली | ५ | ३,०,००००।- | |
| ९ | श्री आधारभूत विद्यालय, सुल्ताना | ७ | २,००,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| १० | श्री आधारभूत विद्यालय, मभ्रुई | ७ | २,००,०००।- | |
| ११ | श्री आधारभूत विद्यालय, बस्यौली | ९ | २,५०,०००।- | |
| १२ | श्री आधारभूत विद्यालय, बैरहनी | ९ | ३,५०,०००।- | |
| १३ | श्री आधारभूत विद्यालय, जीवनपुर | १० | ३,००,०००।- | |
| १४ | श्री आधारभूत विद्यालय, शान्तिबजार | १० | ३,००,०००।- | |
| १५ | श्री आधारभूत विद्यालय, खरखुट्टे | ११ | १,५०,०००।- | |
| १६ | श्री आधारभूत विद्यालय, पिद्रहनी | ११ | २,५०,०००।- | |
| १७ | श्री आधारभूत विद्यालय, जनकपुर | १२ | २,००,०००।- | |
| १८ | श्री कपिया माध्यामिक विद्यालय | १२ | ३,००,०००।- | |
| १९ | श्री धर्मेश्वर आधारभूत विद्यालय | १३ | ३,००,०००।- | |
| २० | श्री गवै माध्यामिक विद्यालय | १३ | ३,००,०००।- | |
| | जम्मा | | ५१,५०,०००।- | |

**निर्णय नं. ३ :**

यसै नगरपालिका वडा नं. ६ स्थित नगरपालिकाको प्रशासकीय भवन नजिक पुरानो राजमार्गको किनारमा रहेका ८ परिवार तथा यसै नगरपालिका वडा नं. १ को तरकारी चोक नजिक बसोवास गरेका १४ परिवार भूमीहिन सुकुम्वासीहरुलाई वडा नं. १ मा रहेको सार्वजनिक जग्गामा स्थानान्तरण गर्नु पर्ने भएकोले निजहरुलाई उक्त स्थानमा बसोबास योग्य संरचना बनाउनको लागि प्राविधिकबाट लागत ईस्टीमेट तयार गरी बढीमा प्रति परिवार रु.२५,०००।-सम्म उपलब्ध गराउने र उक्त रकम स्थानीय विकास बिशेष कोषबाट खर्च लेख्ने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

नगरपालिका गेट देखी चैनपुर जाने बाटोमा दुबै तर्फ नाला सहीत पिच गर्ने कार्यको लागत अनुमान तथा सोही आधारमा बोलपत्र आव्हान समेत भई ठेक्का सम्झौता भएकोमा काम शुरु गरी सके पछि बाटोको एका तर्फको नाला निर्माण गर्न विभिन्न सरकारी तथा व्याक्तिगत जग्गा, भौतीक संरचना भत्काउनु पर्ने अवस्था रहेकोले हाललाई एका तर्फ मात्र नाला निर्माण गर्न लगाईएको र गर्ने गरी जिम्मा पाएको भगवती निर्माण सेवाले गरेको निर्माण कार्यको अन्तिम भुक्तानी गर्दा प्रचलीत कानून बमोजिम भेरीएसन आदेश गर्नु पर्ने भई मिति २०७५/१०/१५ मा पछि कार्यपालिकाबाट अनुमोदन गराउने गरी नगर प्रमुखबाट स्वीकृत भएको भेरीएशन आदेश अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

नगरपालिका क्षेत्रका कतीपय स्थानका सडकहरु ६ मिटर भन्दा कम चौडाई भएका छन भने ती सडकहरु मर्मत सुधार गर्न भनी वडा कार्यालयहरुबाट बजेट समेत बिनियोजन भएको अवस्था छ । एकातर्फ नगरपालिकाले ६ मिटर भन्दा कम चौडाई भएको बाटोमा घर नक्सापास नगर्ने नीति लिएको छ भने अर्को तर्फ यस्ता सडकहरु मर्मत गर्नु पर्ने अवस्था आई बजेट समेत बिनियोज नभएको अवस्था छ । नगरपालिकाले घर नक्सापास गर्न सडक मापदण्डमाका सम्बन्धमा लिएको नीतिलाई यथारुपमा कार्यान्वयन गर्ने र त्यस्ता सडकहरुको मर्मत संभारको लागि बजेट बिनियोजन भएको भए सो योजनालाई पनि कार्यान्वयन गर्ने । तर त्यस्ता कम चौडाईका सडकमा भने पिच गर्ने कार्य नगर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विभिन्न स्वास्थ्य संस्थामा कार्यरत तपसिल बमोजिमका अस्थाई तथा करारमा कार्यरत कर्मचारीहरुको म्याद यही २०७५ माघ १ गते देखी लागु हुने गरी ३ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**तपसिल :**

| | | |
|---|---|---|
| १. | ईन्जिनियर | श्री धनकुमार लामातामाङ्ग |
| २. | सव ईन्जिनियर | श्री सुमन श्रेष्ठ |
| ३. | सर्भेयर | श्री सन्दिप थापा मगर |
| ४. | कम्प्यूटर अपरेटर | श्री प्रेम बहादुर सिलवाल |
| ५. | असिस्टेन्ट सव ईन्जिनियर | श्री धिरेन्द्र चौधरी (अस्थायी) |
| ६. | कम्प्यूटर अपरेटर | श्री अनिता पन्त |
| ७. | कार्यालय सहयोगी | श्री टेक बहादुर भण्डारी (अस्थायी) |
| ८. | कार्यालय सहयोगी | श्री बालगोविन्द महतो (अस्थायी) |
| ९. | कार्यालय सहयोगी | श्री निर्मला घिमिरे(अस्थायी) |
| १०. | कार्यालय सहयोगी | श्री लक्ष्मीअर्याल(अस्थायी) |
| ११. | कार्यालय सहयोगी | श्री हरीलालअधिकारी (अस्थायी) |
| १२. | कार्यालय सहयोगी | श्री तारा पाण्डे |
| १३. | कार्यालय सहयोगी | श्री गिता कडेल |
| १४. | कार्यालय सहयोगी | श्री मोनिका चौधरी |
| १५. | कार्यालय सहयोगी | श्री सुमित्रा चौलागाई |
| १६. | कार्यालय सहयोगी | श्री गोमा चौलागाई डोटेल |
| १७. | कार्यालय सहयोगी | श्री सुस्मा चौधरी |
| १८. | कार्यालय सहयोगी | श्री सुक माया तमाङ्ग |
| १९. | कार्यालय सहयोगी | श्री सर्मिला सिलवाल |
| २०. | कार्यालय सहयोगी | श्री अप्सरा पोखेल |
| २१. | हलुका सवारी चालनक | श्री भिष्मचौधरी |
| २२. | हेभी सवारी चालक | श्री प्रकाश बहादुर श्रेष्ठ |
| २३. | सुरक्षागार्ड | श्री कमल प्रसाद ढुङ्गेल |
| २४. | नगर प्रहरी | श्री टिका नारायण श्रेष्ठ |
| २५. | सरसफाई कार्यालय सहयोगी | श्री दरेश मल्ली |

**स्वास्थ्यतर्फकाकर्मचारीहरु**

| | | |
|---|---|---|
| २६. | अहेब | श्री शर्मिला चौधरी |
| २७. | अनमी | श्री लक्ष्मी शर्मा |
| २८. | अनमी | श्री निर्मला महतो |
| २९. | अनमी | श्री चन्द्रा कार्कि |
| ३०. | अनमी | श्री सुनिता सापकोटा |
| ३१. | कार्यालय सहयोगी | श्री देवी वि.क. |
| ३२. | कार्यालय सहयोगी | श्री निर्मला चौधरी |
| ३३. | कार्यालय सहयोगी | श्री विष्णु प्रसाद अर्याल |
| ३४. | कार्यालय सहयोगी | श्री भगवती अर्याल |
| ३५. | कार्यालय सहयोगी | श्री कल्पना पाठक |

**निर्णय नं. ७ :**

यसकार्यालयले कार्यालय प्रयोजनको लागि २०७४ चैत्र देखी भाडामा लिएर सञ्चालन गरेको गाडीको म्याद २०७५ पौष मसान्त सम्म रहेको र उक्त गाडी २०७५/१०/१९ गतेबाट लागू हुने गरी सम्बन्धीत धनीलाई फिर्ता समेत भैसकेकोले उक्त १८ दिनको म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

यस नगरपालिका र राप्ती नगरपालिकाको सिमानामा पर्ने लदरा खोलाको IEE गर्दा उक्त IEE प्रतिवेदनमा खोलाको विभिन्न घाटहरुबाट उत्खनन् गर्न सकिने नदीजन्य पदार्थको परिमाणका बारेमा उल्लेख छ । उक्त प्रतिवेदनमा तोकिएको परिमाणका आधारमा ठेक्का बन्दोबस्त गर्न बोलपत्र प्रकाशन गर्दा एकातर्फ आर्थिक बर्षको करीब ७ महिना व्यतित भईसकेको, अर्को तर्फ प्रतिवेदन कै आधारमा दैनिक उत्खनन गर्न सकिने नदीजन्य पदार्थको हिसाब गर्दा बाँकी अवधीमा उक्त प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाण उत्खनन् गर्न नसकिने भएकोले सो प्रतिवेदनमा उल्लेख भएको कूल परिमाणको ४० प्रतिशत मात्र नदीजन्य पदार्थ उत्खनन् गर्ने गरी ठेक्का बन्दोबस्त गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

यस नगरपालिकामा स्वीकृत हलुका सवारी चालक दरबन्दी २ मध्ये १ पद रिक्त रहेको र यस कार्यालयको लागि सवारी साधन खरिद गरी ल्याई सकेकोमा उक्त दरबन्दीमा यस भन्दा अगाडी नगरपालिकाले भाडामा लिएको गाडी चलाई रहेका खैरहनी नगरपालिका वडा नं. ९ बस्ने श्री मन बहादुर पुनलाई सेवा करारमा राख्ने गरी मिति २०७५/१०/२० मा भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :**

तेस्रो नगरसभाबाट नगरस्तरीय पूर्वाधार विकास अन्तरगत वडा नं. ३ र ९ मा बोरिङ्ग निर्माण तथा मर्मतको लागि रु.१५,००,०००।- बिनियोजन भएकोमा सो रकमबाट निम्नानुसारका योजना सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| (१) वडा नं. ३ धुसरीटोलमा सिंचाईको लागि पानी तान्ने २ थान मोटर खरिद गर्न | रु.४,५०,०००।- |
| (२) वडा नं. ३ धुसरीटोलमा सिंचाईको लागि पाईप खरिद गर्न | रु. ३,५०,०००।- |
| (३) वडा नं. ९ डाँडा गाउँमा बोरिङ्ग निर्माण गर्न | रु.७,००,०००।- |